

# सवारी चालक अनुमति पत्र बिना गाडी चलाउने – अस्थायी भिसाधारकहरूका लागि जानकारी

**यदि तपाईं अस्थायी रोजगार वा अध्ययन भिसामा हुनुहुन्छ भने एनएसडब्ल्यू-मा गाडी चलाउने सम्बन्धि कानूनहरू बुझ्न र तपाईंविरुद्ध सवारी चालक अनुमति पत्र बिना गाडी चलाएको आरोप लाग्यो भने के हुन्छ भन्ने जान्नका लागि यो तथ्यपत्र पढ्नुहोस्।**

अष्ट्रेलियामा सवारी चालक अनुमति पत्र बिना गाडी चलाउनु अपराध हुन सक्छ।

प्रहरीले तपाईंलाई रोक्न सक्छ र तपाईंसँग वैध सवारी चालक अनुमति पत्र छ वा छैन भनेर जाँच गर्न सक्छ।

## मलाई के हुन सक्छ?

यदि तपाईं वैध सवारी चालक अनुमति पत्र बिना गाडी चलाउनुहुन्छ भने तपाईंलाई:

- जरिवाना हुन सक्छ
- अदालत जानु पर्ने हुन सक्छ
- आपराधिक अभिलेख बन्न सक्छ
- 12 महिनासम्मको कैद हुन सक्छ र केही समयको लागि गाडी चलाउन अयोग्य घोषित हुन सक्नुहुन्छ।

यदि तपाईंविरुद्ध खतरनाक ढङ्गले गाडी चलाएको, वा मद्यपान गरेर वा लागू पदार्थको प्रयोग गरेर गाडी चलाएको आरोप पनि लगाइन्छ भने सजाय झनै कडा हुन सक्दछ। के हुन सक्छ भन्ने बारेमा थप जानकारीको लागि तथ्यपत्र **मद्यपान गरेर गाडी चलाएको सम्बन्धि आरोपहरूलाई बुझ्नु** शीर्षकको तथ्यपत्र हेर्नुहोस्।

**सवारी चालक अनुमति पत्र बिना वा तपाईंको सवारी चालक अनुमति पत्र निलम्बित वा अयोग्य भएको बेलामा गाडी नचलाउनुहोस्।**

## मैले मेरो अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रले एनएसडब्ल्यूमा कहिले गाडी चलाउन सक्छु ?

तल दिइएको जानकारी ध्यानपूर्वक पढ्नुहोस्। एनएसडब्ल्यू-मा अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रले गाडी चलाउनका लागि नयाँ नियमहरूलाई बुझ्नु महत्त्वपूर्ण छ।

## एनएसडब्ल्यू सवारी चालक अनुमति पत्रमा स्थानान्तरण गर्ने समय-सीमा

यदि तपाईं एनएसडब्ल्यू-मा **1 जुलाई 2023 पछि** आउनुभएको अस्थायी विदेशी आगन्तुक हुनुहुन्छ भने तपाईं आफ्नो अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रले एनएसडब्ल्यू-का सडकहरूमा 6 महिनासम्म गाडी चलाउन सक्नुहुन्छ। त्यसपछि, तपाईंले एनएसडब्ल्यू सवारी चालक अनुमति पत्र हासिल गर्नु आवश्यक हुनेछ।

यदि तपाईंले हासिल गर्नुभएन भने, तपाईंलाई एनएसडब्ल्यू प्रहरीले सवारी चालक अनुमति पत्र बिना गाडी चलाएको आरोप लगाउन सक्छ।

यदि तपाईं एनएसडब्ल्यू-मा **1 जुलाई 2023 भन्दा पहिले** आउनुभएको अस्थायी विदेशी आगन्तुक हुनुहुन्छ भने तपाईंले 1 मार्च 2025 भन्दा पहिले एनएसडब्ल्यू सवारी चालक अनुमति पत्र हासिल गर्नु आवश्यक छ। यदि तपाईंले हासिल गर्नुभएन भने, तपाईंलाई एनएसडब्ल्यू प्रहरीले सवारी चालक अनुमति पत्र बिना गाडी चलाएको आरोप लगाउन सक्छ।

अस्थायी भिसाधारकको रूपमा एनएसडब्ल्यू सवारी चालक अनुमति पत्रको लागि आवेदन दिनेसम्बन्धि थप जानकारी निम्ति www.service.nsw.gov.au/transaction/apply-for-a-nsw-licence-as-a-temporary-overseas-visitor हेर्नुहोस्।

## गाडी चलाउने विशेषाधिकारहरू फिर्ता लिइनु

तपाईंका गाडी चलाउने विशेषाधिकारहरू फिर्ता लिइएपछि तपाईंले आफ्नो अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रको प्रयोग गर्दै गाडी चलाउनुहुन्छ भने एनएसडब्ल्यू प्रहरीले तपाईंलाई सवारी चालक अनुमति पत्र बिना गाडी चलाएको आरोप लगाउन सक्छ।

तपाईंका गाडी चलाउने विशेषाधिकारहरू अनेकौं कारणले फिर्ता लिइन सक्छ जसमा तपाईं मद्यपान गरेर वा अन्य गम्भीर गाडी चलाउने अपराधमा दोषी ठहरिनुभएको कुरा समावेश छ।

यदि तपाईं फेरि एनएसडब्ल्यूमा गाडी चलाउन चाहनुहुन्छ भने तपाईंले एनएसडब्ल्यू सवारी चालक अनुमति पत्रको लागि आवेदन दिन जरुरी छ।

गाडी चलाउने विशेषाधिकारहरू फिर्तिबारे थप जानकारीहरूको लागि एनएसडब्ल्यू सरकारको वेबसाइट हेर्नुहोस्।

## तपाईंको एनएसडब्ल्यू सवारी चालक अनुमति पत्र निलम्बन गरिनु वा अयोग्य ठहऱ्याइनु

यदि तपाईंको एनएसडब्ल्यू सवारी चालक अनुमति पत्र निलम्बित भएको वा अयोग्य ठहर गरिएको स्थितिमा तपाईंले गाडी चलाउनुहुन्छ भने तपाईंलाई एनएसडब्ल्यू प्रहरीले सवारी चालक अनुमति पत्र बिना गाडी चलाएको आरोप लगाउन सक्छ।

तपाईंको एनएसडब्ल्यू सवारी चालक अनुमति पत्र अनेकौं कारणले निलम्बित हुन सक्छ जसमा समावेश छन्:

- जरिवाना अर्थात तीव्र गतिमा गाडी चलाएको वा पार्किङ जरिवाना नतिरे बापत
- यदि तपाईंले धेरै डिमेरिट प्वाइन्ट्स गुमाउनुभएको छ भने, वा



Legal Aid NEW SOUTH WALES

- यदि तपाईंले तीव्र गतिमा, मद्यपान गरेर वा खतरनाक ढङ्गले गाडी चलाएको जस्ता यातायात अपराध गर्नुभएको छ भने।

तपाईंले तपाईंको सवारी चालक अनुमति पत्र निलम्बित गरिएको र कति समयको लागि भन्ने जानकारी दिइएको पत्र प्राप्त गर्नुहुनेछ। निलम्बनको समय-सीमा समाप्त भएपछि तपाईंले फेरि गाडी चलाउन सक्नुहुन्छ।

अयोग्य ठहऱ्याइनु, निलम्बन गरिनुभन्दा फरक हुन्छ। तपाईंको सवारी चालक अनुमति पत्रलाई अदालतले मात्रै अयोग्य ठहर गर्न सक्छ।

## मैले अदालतबाट सवारी चालक अनुमति पत्र बिना गाडी चलाए बापत अदालतमा हाजिर हुनका लागि सूचना पाएको छु, मैले के गर्नु पर्छ?

### 1. तपाईं अदालत जानुअघि वकिललाई सम्पर्क गर्नुहोस्

कानूनी सल्लाह लिँदा तपाईंलाई अदालतको प्रक्रिया र तपाईंका अधिकारहरू बुझ्न मद्दत मिल्नेछ।

तपाईंले अदालतमा हाजिरीको सूचना प्राप्त गर्नेबित्तिकै जतिसक्दो चाँडो LawAccess NSW (ल एसेस एनएसडब्ल्यू) लाई **1300 888 529** मा फोन गर्नुहोस्। उनीहरूले तपाईंलाई निःशुल्क जानकारी दिन सक्छन् र तपाईंलाई वकिल खोज्नमा मद्दत गर्नेछन्। यदि तपाईंलाई अदालतको लागि वा वकिलसँग कुरा गर्नको लागि दोभाषेको आवश्यकता पर्छ भने पनि उनीहरूले मद्दत गर्न सक्छन्।

### 2. यदि तपाईंलाई चाहिन्छ भने दोभाषेको माग गर्नुहोस्

अदालतको लागि दोभाषेको समय लिन अदालत सेवालाई **1300 679 272** मा फोन गर्नुहोस्। Legal Aid (लिगल एड) का वकिलले पनि तपाईंको लागि अदालत र तपाईंको भेटघाटको समय निम्ति एउटा दोभाषेको व्यवस्था गर्न सक्छ।

### 3. सवारी चालक अनुमति पत्र प्राप्त गर्नुहोस्

यदि तपाईंलाई सवारी चालक अनुमति पत्र  बिना गाडी चलाएको आरोप लगाइएको छ भने अदालतको तारिखभन्दा पहिले सवारी चालक अनुमति पत्र प्राप्त गर्नु राम्रो विचार हो। यसो कसरी गर्ने भन्ने बारेमा तपाईंले www.service.nsw.gov.au मा जानकारी पाउनुहुनेछ।

### 4. चरित्रसम्बन्धि सिफारिस प्राप्त गर्नुहोस्

तपाईंका परिचित एकजना व्यक्तिलाई तपाईंको राम्रो चरित्रबारे एउटा पत्र म्याजिस्ट्रेटको लागि लेख्न लगाउनुहोस्। यसले तपाईंको मामिलामा मद्दत गर्न सक्छ। उनीहरूले के लेख्नु पर्छ भन्ने जान्नको लागि Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) को प्रकाशन 'Character References' (चरित्रसम्बन्धि सिफारिस) हेर्नुहोस्।

### 5. तपाईंले अदालतमा के भन्न चाहनुहुन्छ सो लेख्नुहोस्

वकिलले तपाईंलाई अदालतमा म्याजिस्ट्रेटसँग कुरा गर्न मद्दत गर्न सक्छ। तपाईंले पनि के र किन भयो भनेर व्याख्या गर्दै पत्र लेख्नु पर्छ वा अदालतमा पढ्न सक्नुहुन्छ र त्यसमा निम्न कुराहरू समावेश गर्नुहोस्:

- तपाईंले गाडी चलाउनुको पछाडि कुनै विशेष कारण
- तपाईंले किन सवारी चालक अनुमति पत्र बिना गाडी चलाउदै हुनुहुन्थ्यो ?
- तपाईंलाई कामको लागि आफ्नो सवारी चालक अनुमति पत्र किन आवश्यक छ
- यदि तपाईं मोफसलमा बस्नुभएको कारणले सार्वजनिक यातायातको प्रयोग गर्न गाह्रो छ
- यदि तपाईंले हेरचाह गर्ने पारिवारका सदस्य छन् र उनीहरूको लागि गाडी चलाउन आवश्यक छ भने, र
- तपाईंको साप्ताहिक आय र खर्चहरू के-कति छन् (यसबाट अदालतले तपाईंलाई गरिने जरिवानाको आकलन गर्न उसलाई मद्दत गर्नेछ)।

### 6. तपाईंलाई गरिएको जरिवाना फछ्र्यौट गर्नुहोस्

यदि तपाईंले जरिवाना भुक्तान नगरेको कारण तपाईंको सवारी चालक अनुमति पत्र निलम्बित गरिएको थियो भने तपाईंले त्यसको भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्छ। यदि तपाईं जरिवाना तिर्न नसक्ने स्थितिमा हुनुहुन्छ भने तपाईंले राजस्व एनएसडब्ल्यू-लाई भुक्तानी योजनाको बारेमा सोध्न सक्नुहुन्छ र निर्धारित समयावधिमा भुक्तान गर्न सक्नुहुन्छ। भुक्तानीको लागि राजस्व एनएसडब्ल्यू सँग व्यवस्था मिलाउनेबित्तिकै तपाईंको यो निलम्बन हटाइने छ। यदि तपाईंलाई आफ्नो जरिवाना ऋणको प्रबन्धनमा मद्दत चाहिन्छ भने राजस्व एनएसडब्ल्यू-लाई **1300 655 805** मा सम्पर्क गर्नुहोस्।

### 7. Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) तथ्यपत्र 'तपाईं अदालत जाँदा के हुन्छ?' पढ्नुहोस्

यसले तपाईंलाई अदालतको लागि कसरी तयारी गर्ने, अदालतमा के हुन्छ र तपाईंलाई के-कस्तो सजाय हुन सक्छ भनेर बुझ्न मद्दत गर्नेछ।

## के यसले मेरो भिसा वा निवासको लागि मेरो आवेदनलाई असर गर्छ?

अधिकांश यातायात सम्बन्धि अपराधहरूले तपाईंको भिसालाई असर गर्दैन। यदि तपाईं झ्यालखाना जानुभयो वा आपराधिक अभिलेख बन्यो भने यसले असर गर्न सक्छ। वकिलसँग कुरा गर्नुहोस्। भिसा निलम्बनको बारेमा निःशुल्क कानूनी सहायताको निम्ति Law Access NSW (ल एक्सेस एनएसडब्ल्यू) लाई **1300 888 529** मा फोन गर्नुहोस्। तपाईंले निःशुल्क दोभाषे पाउन सक्नुहुन्छ।

## मैले कहाँबाट कानूनी सहायता प्राप्त गर्न सक्छु?

### LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू)

LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) Legal Aid NSW (लिगल एड एनएसडब्ल्यू) द्वारा सञ्चालित निःशुल्क जानकारी सेवा हो। एनएसडब्ल्यू-मा कानूनी समस्या भएको कुनैपनि व्यक्तिले कानूनी सहायताको लागि LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) लाई सम्पर्क गर्न सक्छन्।

LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) ले तपाईंलाई वकिल, सामुदायिक कानूनी सेवा वा अन्य सेवाहरूसँग सम्पर्क गराउन सक्छ।

www.legalaid.nsw.gov.au मा च्याट विथ अस (Chat with us) बटनमा क्लिक गर्नुहोस् वा सोमवारदेखि शुक्रवार, बिहान 9 बजे देखि साँझ 5 बजेसम्म (सार्वजनिक बिदाहरूबाहेक) **1300 888 529** मा फोन गर्नुहोस्।

## मैले थप जानकारी कहाँबाट प्राप्त गर्न सक्छु?

- तपाईंको सवारी चालक अनुमति पत्रको आवेदन कसरी गर्ने भन्ने बारेमा मद्दतका लागि **Service NSW – 13 77 88** वा www.service.nsw.gov.au
- तपाईंका जरिवानाहरूको बारेमा जानकारीको लागि **Revenue NSW – 1300 655 805** वा www.nsw.gov.au/money-and-taxes/fines-and-fees/fines

यो प्रकाशन कानूनसम्बन्धि सामान्य मार्गदर्शक हो। तपाईं यसलाई कानूनी सल्लाहको रूपमा लिएर निर्भर हुनु हुँदैन र हामी तपाईंलाई आफ्नो स्थितिबारे एक वकिलसँग कुरा गर्न सिफारिस गर्दछौँ। यो जानकारी छापिएको समयमा सही छ, तर यसमा परिवर्तन हुन सक्छ।